# मालारानी गाउँ कार्यपालिकाको ४८ औं बैठक

मितिः २०८१।०५।०७

समयः बिहानः ८.०० बजे,

बैठकका प्रस्तावहरुः

१) मिति २०८१।०४।०४ को गाउँ कार्यपालिका ४७ औं बैठकको समिक्षा सम्बन्धमा।

२) सामग्री वितरण सम्बन्धी कार्यविधि सम्बन्धमा।

३) करार कर्मचारी व्यवस्थापन कार्यविधि सम्बन्धमा।

४) कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) आचारसंहिता सम्बन्धमा।

५) स्यानिटरी प्याडको स्पेसिफिकेशन सम्बन्धमा।

६) बिद्यालय समायोजन( शुन्य विद्यार्थि रहेको स्थानमा) सम्बन्धमा।

७) शिक्षक सरुवा निर्देशिका,२०८१ आवश्यक कार्यार्थ सम्बन्धमा।

८) मेड्पा बजेट विभाजन तथा वडा छनौट सम्बन्धमा।

९) उद्यम विकास सहजकर्ताको नपुग हुने त.भ. व्यवस्थापन सम्बन्धमा।

१०) अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्राप्त सुझाव कार्यान्वयन सम्बन्धमा।

११) जिल्ला अदालतको अशुली विवरणमा सहजीकरण सम्बन्धमा।

१२) जिल्ला हुलाक कार्यालयको जानकारी पत्र सम्बन्धमा।

१३) करार सूचीमा रहेका शिक्षक सम्बन्धमा।

१४) आर्थिक / विपद् सहयोग सम्बन्धमा

१५) बिबिध बिषयहरु सम्बन्धमा।

**पेश भएका प्रस्तावहरुमा माथि व्यापक छलफल गर्दा बैठकबाट भएका निर्णयहरुः-**

**निर्णय नं.१**

मिति २०८१।०४।०४ को गाउँ कार्यपालिका ४७ औं बैठकबाट भएका ६ वटा निर्णयहरु कार्यान्वयनको अवस्थाबारे क्रमश बैठकमा प्रस्तुत भई समिक्षात्मक छलफल गर्दा ४ वटा निर्णयहरु आ.व.२०८१।८२ को बार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि तय भएको दररेट, लागत अनुमान, कार्ययोजना जस्ता बिषयहरु रहेको र अन्य २ वटा निर्णयहरु बार्षिक समिक्षा र वालविकास केन्द्र सम्बन्धी भएको पाईयो। निर्णयहरु कार्यान्वयन चरणमा रहेकोले सो बमोजिम गर्न गराउनको लागि गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन गर्ने निर्णय निर्णय गरियो।

**निर्णय नं.२**

यस गाउँपालिकाको लागि आवश्यक भएको सामाग्री वितरण सम्बन्धी कार्यबिधि बिधेयक समितिबाट [illegible] बमोजिम बैठकमा प्रस्तुत भई दफावार छलफल गर्दा संलग्न बमोजिम " **गाउँपालिकाबाट सामाग्री** [illegible] **कार्यविधि, २०८१**" लाई स्वीकृत गर्ने निर्णय गरियो।

दल बहादुर भट्टराई
अध्यक्ष



CamScanner

प्रशासकीय अधिकृत

**निर्णय नं.३**

यस गाउँपालिकाको लागि आवश्यक भएको करार कर्मचारी व्यवस्थापन कार्यविधि बिधेयक समितिबाट सिफारिस भए बमोजिम बैठकमा प्रस्तुत भई दफावार छलफल गर्दा संलग्न बमोजिम " **करार कर्मचारी व्यवस्थापन** कार्यविधि, २०८१" लाई स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं.४**

यस गाउँपालिकाको लागि आवश्यक भएको दीर्घरोगी औषधी व्यवस्थापन कार्यविधि बिधेयक समितिबाट सिफारिस भए बमोजिम बैठकमा प्रस्तुत भई दफावार छलफल गर्दा संलग्न बमोजिम " **दीर्घरोगी** औषधी व्यवस्थापन **कार्यविधि, २०८१**" लाई स्वीकृत गर्ने निर्णय गरियो।

।

**निर्णय नं. ५**

यस गाउँपालिकाको लागि आवश्यक भएको कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार( निवारण) आचारसंहिता बिधेयक समितिबाट सिफारिस भए अनुसार बैठकमा प्रस्तुत भई छलफल गर्दा संलग्न बमोजिम "**कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार( निवारण) आचारसंहिता, २०८१**" लाई स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं. ६**

यस गाउँपालिकाबाट खरिद हुने स्यानिटरी प्याडको लागि तपशिल बमोजिमको स्पेसिफिकेशन स्वीकृत गर्ने निर्णय गरियो।

तपशिलः-

## Specifications for Sanitary Pads

1. **Type and physical finishing:** Regular with wing, napkin with uniform thickness throughout without any wrinkles and distortion. The sanitary napkins shall have a soft feel and when worn shall not chafe or give any uncomfortable feeling. They shall be free from all sorts of foreign matter.
2. **Raw material permitted:**
   a. **Absorbent filter:** plant-based raw materials such as wood pulp,cellulose pulp, bamboo fiber, banana fiber and corn which have natural sterilization effects, tissue paper, pure

दल बहादुर भट्टराई
अध्यक्ष

अशर वि.सी.
प्रमुख प्रशासकीय अधिकृत

cotton, shall be free from lumps, oil spots, dirt or foreign material.

b. **Covering:** The covering of the absorbent filter shall be of good quality cotton or rayon knitted sleeving, gauze or non-woven fabric with sufficient porosity to permit the assembled pad to meet absorbency requirements.

c. **Size:** size including minimum (Min. 280±10 mm length, Min. 80±5 mm width, thicknessMin. 15mm ±2 mm).

3. **Absorbency:** the sanitary pad shall absorb at least 60 ml of coloured distilled water and it shall not show leakage at the bottom or sides of the sanitary napkin.
4. **Disposability:** disposable pad with the covering removed, shall be immersed in 15 liters of water and stirred. The pad shall disintegrate in the water in not more than 5 minutes.
5. **Colour:** The product shall be white in colour and shall be almost odourless.
6. **PH value:** free from acid and alkali, pH of absorbent material shall be 6-8.5.
7. **Hygiene testing requirement:** Total viable count (total number of bacteria and fungi) shall be not more than 1000 cfu/gm and absence of Staphylococcus aureus. The napkin shall be tested for the presence of staphylococcus aureus in accordance with IS 5887(Part 2).
8. The manufacturer shall declare that all ingredients used in the product are safe for human use based on its known toxicological characteristics at intended use.

दल बहादुर भट्टराई
अध्यक्ष

अशर जि.सी.
प्रमुख प्रशासकीय अधिकृत

9. **Packaging type:** at least 90% Compostable pack, protecting package to product.

10. **Packaging size:** minimum 8 pads per pack.

11. **Biodegradability or Composability requirements:** At least 90% degrade within 6 months (testing is performed and conformed from recognized and approved laboratory).

12. **Standards:** Must be NS Certified.

13. **Shelf life:** Shelf life of at least 2 years. The pads must have at least 1 year 9 months of shelf life left at the time of delivery for acceptance.

**निर्णय नं. ६**

क. यस गाउँपालिका अन्तर्गत २ नं. वडा कार्यालयको विद्यालय समायोजन सम्बन्धमा बिषयक च.नं.०८ मिति २०८१।०४।०६ को पत्रबाट वडा शिक्षा समितिको निर्णय अनुसार उक्त वडामा सन्चालित छहरा माई बालविकास केन्द्र डडुवामा शैक्षिक सत्र २०८०।८१ मा विद्यार्थी भर्ना संख्या शुन्य भएकोले विद्यालयमा कार्यरत बालविकास सहजकर्ता सीता कुँवरलाई सो विद्यलाय समायोजन गरी श्री सरस्वती माता माध्यमिक विद्यालयमा पदस्थापनको लागि भएको सिफारिस बैठकमा प्रस्तुत भई छलफल गर्दा उक्त बालविकास केन्द्र रहेको स्थान र वस्तीको भौगोलिक विकटतालाई विश्लेषण गरी आगामी शैक्षिक सत्रहरुमा विद्यार्थी ( वालवालिका ) भर्ना हुने अवस्थामा निज बालविकास सहजकर्ता सोही बालविकास केन्द्रमा फिर्ता हुने गरी हाललाई उक्त बाल विकास केन्द्रमा रहेको भौतिक सम्पत्ति लगाएतका कागजातहरु श्री सरस्वती माता माध्यमिक विद्यालयको रेखदेख तथा जिम्मामा रहने गरी निज बालविकास सहजकर्तालाई श्री सरस्वति माता माध्यमिक विद्यालयमा कामकाजमा पठाउने निर्णय गरियो।

ख. यस गाउँपालिका अन्तर्गत गाउँ शिक्षा समितिको मिति २०८१।०४।०३ गतेको बैठकको निर्णय नं. १२ बाट यस गाउँपालिकाको वडा नं. ४ खन स्थित जन सेवा आधारभुत विद्यालयमा शैक्षिक सत्र २०८१ मा विद्यार्थी संख्या शुन्य ( विद्यार्थी विहीन) भएकोले उक्त विद्यालय व्यवस्थापन समितिको मिति २०८१।०१।०७ गतेको निर्णय अनुसार कार्यरत बालविकास सहजकर्ता श्री पार्वता भुसाललाई निजको माग अनुसार भगवती माध्यमिक विद्यालय सन्धिखर्क नगरपालिकामा दरबन्दी सहित सरुवा भई जानको लागि सहमती दिने निर्णय र बिद्यालय[illegible] मिति २०८१।०१।०९ गतेको सोही अनुसारको पत्र तथा यस गाउँ कार्यापालिकाको कार्यालयको च.नं.१८९६ मिति २०८१।०१।२३ गतेको पत्रबाट समेत निज़ बालविकास सहजकर्तालाई सोही बमोजिम दरबन्दी सहित सरुवा भई जानको लागि गरिएको सिफारिस अनुमोदनको लागि गाउँ कार्यपालिका समक्ष सिफारिस भई आएकोले निज बालविकास सहजकर्ता श्री पार्वता भुसाललाई जनसेवा आधारभुत विद्यालय, गालारानी ४ खनबाट दरबन्दी सहित भगवती माध्यमिक विद्यालय सन्धिखर्कमा सरुवा भई जानको लागि गरिएको उपरोक्त अनुसारको सिफारिसलाई अनुमोदन गर्ने निर्णय गरियो।

दल बहादुर भट्टराई
अध्यक्ष

**निर्णय नं. ७**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत शिक्षक सरुवा निर्देशिका,२०८१ को सम्बन्धमा छलफल गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

यस मालारानी गाउँपालिकामा चा.लु. आ.व. २०८१/०८२ मा कार्यान्वयन हुने गरिवि निवारणका लागि लघु उद्यम विकास कार्यक्रमको लागि विभिन्न सशर्त कार्यक्रम तर्फका शिर्षकहरुमा बजेट रकम प्राप्त भएकोमा उक्त बजेट रकमलाई गाउँपालिकाको उद्यम विकास समितिको मिति २०८१/०५/०६ को निर्णयबाट **गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका,** २०७७ बमोजिम विभिन्न कार्यक्रमहरुमा बजेट बाँडफाँड गरी स्वीकृतिका लागि कार्यपालिका बैठकमा पेश भएको तथा कार्यक्रमका फोकल पर्शनले निर्देशिकाको अनुसूची २ बमोजिम तयार गरी समितिबाट स्विकृत भएको संलग्न बमोजिमको वार्षिक कार्यक्रम कार्यान्वयन कार्ययोजना समेतलाई स्वीकृत तथा अनुमोदन गर्ने निर्णय गरियो । साथै चालु आ.व.मा नयाँ उद्यमी सिर्जना तर्फको कार्यक्रम यसै गाउँपालिकाको वडा नं. ३ मा लागु गर्ने तथा भईरहेका उद्यमीहरुलाई स्तरोन्नती तालिम वडा नं. ६ र ८ मा सन्चालन गर्ने र साझा सुविधा केन्द्र निर्माणको कार्य यसै गाउँपालिकाको वडा नं. ९ मा गर्ने सम्बन्धमा पेश भएको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

यस मालारानी गाउँपालिकामा संचलनमा रहेको गरिवि निवारणका लागि लघु उद्यम विकास कार्यक्रम कार्यान्वयनका लागि सेवा करारमा नियुक्त कर्मचारी उ.वि.स. श्री पार्वती विश्वकर्मालाई निर्देशिकाको मापदण्डले तोकेबमोजिमको प्रतिशतका आधारमा तलव विनियोजन गर्दा निजको वार्षिक तलव भत्तामा रु १,६००००। (अक्षरुपी एक लाख साठी हजार रुपैयाँ) अपुग हुने देखिएकोले उक्त अपुग रकम गाउँपालिकाको चालु खर्च तर्फको करार सेवाका कर्मचारीहरुका तलव भत्ता शिर्षकबाट भुक्तानि हुने गरी बजेट व्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

संङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सुशासन प्रबर्द्धन शाखाको च.नं. ४० मिति २०८१ श्रावण ३० गतेको सुझाव कार्यान्वयन सम्बन्धमा बिषयक पत्रसाथ संलग्न अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्राप्त सुझावहरु बैठकमा प्रस्तुत भई छलफल भयो सो सम्बन्धमा प्राप्त भएका सुझावहरुलाई कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

अर्घाखाँची जिल्ला अदालतको लगत विवरणको अशुली सम्बन्धमा बिषयक च.नं. १५० मिति २०८१।०४।२५ गतेको पत्र विवरण बैठकमा प्रस्तुत भई छलफल गरियो ! सो सम्बन्धमा मिति २०८१।०४।२५ गते सम्म अदालतको लगत कितावमा कैद जरिवाना क्षतिपुर्ती र सरकारी विगोको लगत कसिएका १५ जना व्यक्तिहरु मध्ये सम्बन्धीत वडा अध्यक्षहरुले आ-आफ्ना वडाको विवरण सम्बन्धित वडामा राखी आफैले वा प्रहरीसँग सहयोगको आवश्यक परेमा समन्वय गरी कैद जरिवाना बाँकी नरहेको वडा रहने तर्फ उन्मुख हुनको लागि क्रियाशिल रहने निर्णय गरियो ।

~~**निर्णय नं. १२**~~

दल बहादुर ...
अध्यक्ष

**निर्णय नं. १२**

जिल्ला हुलाक कार्यालयको च.नं.१० मिति २०८१।०४।१४ , निर्णय कार्यान्नवयन गरिएको सम्बन्धमा प्राप्त पत्र बैठकमा प्रस्तुत हुँदा यस गाउँपालिका अन्तर्गतको हंसपुर इलाका हुलाक स्थानान्तरण गरी गाउँपालिकाको नजिक रहेको खन इलाका हुलाका स्थानान्तरण भएको व्यहोरा जानकारी प्राप्त भयो । नेपाल सरकारको एक स्थानीय तह एवं हुलाक नीति कार्यान्वयनको जानकारी गराएकोमा जिल्ला हुलाक कार्यालयलाई धन्यवाद् दिने निर्णय गरियो ।

**निर्णय नं. १३**

गाउँपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा नियमावली,२०७५ बमोजिम गाउँ कार्यपालिकाको कार्यालयमा प्रकाशित गरेको करार सूचीमा रहेका शिक्षक पदका उम्मेद्वारलाई विद्यालयको रिक्त पदमा करार नियुक्तिको सिफारिस गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं. १४**

विभिन्न व्यक्तिहरुले देहायको प्रयोजनको लागि राहत तथा आर्थिक सहायता माग गरी निवेदन सहितका कागजात पेश गरेकोमा तपशिल बमोजिमको आर्थिक तथा जिन्सी सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

तपशिलः-

| क्र.सं. | आर्थिक सहायता पाउने व्यक्तिको नाम | ठेगाना/वडा नं. | आर्थिक सहयोग रकम रू./ जिन्सी परिमाण | प्रयोजन |
|---|---|---|---|---|
| १ | नेत्र बहादुर पोखे्रल | ३ | १५००० | प्रोस्टेटको उपचार सहयोग |
| २ | विष्णु बहादुर टोमटा | ५ | लागत अनुमान बमोजिमको जस्तापाता | घरमा आगोलागि |
| ३ | एकल महिला सन्जाललाई, अर्घाखाँची | | १०००० | सन्जालको माग बमोजिम आर्थिक सहयोग |
| ४ | जगत वि.क. | ६ | २५००० | मृगौला उपचार सहयोग |

**निर्णय नं. १५. बिविध निर्णयहरु:-**

**निर्णय नं.१५.१**

आ.व.२०८१।८२ को लागि यस गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा आवश्यक पर्ने औषधी तथा औषधीजन्य सामाग्रीहरु खरिद गरी व्यवस्थापन गर्नको लागि संलग्न बमोजिम ९४ प्रकारका औषधी तथा औषधीजन्य सामाग्रीहरुको दररेट स्वीकृत गर्ने निर्णय गरियो ।

बहादुर भट्टराई

अध्यक्ष